# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।०६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | राम प्रसाद घिमिरेसमेत २६ जना **तथा** सिद्धार्थ मिनरल्स प्रा.लि., मारुती सिमेन्टस लिमिटेड, अन्नपूर्ण क्वेरिज प्रा.लि., सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि., सर्वोत्तम सिमेन्ट प्रा.लि., युनाइटेड सिमेन्ट प्रा.लि., उदयपुर मिनरल्स टेक प्रा.लि., कन्चन क्वेरिज प्रा.लि. र डोलोमाइट चुनढङ्गा उद्योग प्रा.लि.समेत ९ वटा (वि.अ. को मु.नं. ०७८-CR-००४२), वि.अ. को फैसला मिति २०७९।१२।०३ | राजस्व चुहावट गरी भ्रष्टाचार गरेको। | १) प्र. राम प्रसाद घिमिरेले राजस्व चुहावट गरी चुनढुङ्गा/सिमेन्ट कम्पनीहरुलाई फाइदा र नेपाल सरकारलाई रु.१,२४,४५,२६,६४३।- (एक अर्व चौवीस करोड पैंतालिस लाख छब्बीस हजार छ सय त्रिचालीस रुपैयाँ) हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ को देहाय (क) र देहाय (ख) बमोजिमको कसुर गरी भ्रष्टाचार गरेको।<br><br>२) प्र.सु.मा.ई.जयराज घिमिरे र उपसचिव (कानून) सपना अधिकारी समेतले गलत प्रतिबेदन र टिप्पणी राय समेत दिई राजस्व चुहावट गरी चुनढुङ्गा/सिमेन्ट कम्पनीहरुलाई फाइदा र नेपाल सरकारलाई रु.१,२४,४५,२६,६४३।- (अक्षरूपी एक अर्व चौवीस करोड पैंतालिस लाख छब्बीस हजार छ सय त्रिचालिस रुपैयाँ) हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ को देहाय (क) र देहाय (ख) बमोजिमको कसूर गरी भ्रष्टाचार गरेको।<br>साथै प्र.सु.मा.ई.जयराज घिमिरे र उपसचिव (कानून) सपना अधिकारी समेतले गलत प्रतिबेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको ।<br><br>३) खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५(२) लाई समेत बेवास्ता गरी दफा २५(४) आकर्षित हुने भनी कानूनी तर्क गरी असम्बन्धित दफा सिफारिस गरी वदनियतपूर्वक ठूलो राजस्व गुम्ने गरी विभागमा पेश गरेको गलत प्रतिवेदनकै आधारमा खानी तथा भूगर्भ | **फैसलाः**<br>- दावीको क्षतिपूर्तिको विषय राजस्वको परिभाषा भित्र पर्ने देखिँदैन।<br>- प्रतिबादिहरुले एक आपसमा मिलेमतो गरी बदनियतपूर्बक गैरकानूनी लाभ लिनुदिनु गरी घटि राजस्व उठाएको बादिदाबी समेत नरहेको अबस्थामा राजस्व चुहावट तर्फ प्रचलित कानून बमोजिम हुन सक्ने नै हुँदा खानी उद्योग तथा उद्योगीहरूलाई राजस्व चुहावट गर्न मद्दत गरेको भनी ऐ ऐनको दफा ७ को देहाय (क) र (ख) बमोजिमको आरोपदाबी पुग्न नसक्ने।<br>- प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी वदनियतपूर्वक गैरकानूनी लाभ लिनुदिनु गरी घटी राजस्व उठाएको वादी दावी समेत नरहेको अवस्थामा राजस्व तर्फ प्रचलित कानूनबमोजिम हुन सक्ने नै हुँदा खानी उद्योग तथा उद्योगीहरुलाई राजस्व चुहावट गर्न मद्दत गरेको भनी ऐ. ऐनको दफा ७ को देहाय (क) र (ख) वमोजिमको आरोपदावी पुग्न नसकी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने।<br>**विशेष अदालतले प्रतिबादिहरुलाई सफाई दिदा लिएका आधारः**<br>- प्रतिबादिहरु बनाईएका खानी उद्योगहरुले माईनिङ स्किम भन्दा अघिक उत्पादन गरे उपर खानी तथा भूगर्भ विभागको निर्णय बमोजिम जरिवाना तिरि बुझाई सकेको र नियम बमोजिम लाग्ने राजस्व बुझाउने कर्तब्य रहेका उघ्योगहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ७ अन्तर्गत वादिदाबी नरहेको अबस्थामा न्यायीक स्वच्छता समेतका आघारमा यी प्रतिबादिहरुले एक आपसमा | (क) जुन दृष्टिकोणबाट हेर्दा पनि यस मुद्दामा बेहिसाब तरिकाले राज्यलाई नोक्सानी गरी राज्यकोषमा आउने राजस्व क्षतिपूर्तीको रु.१,२४,४५,२६,६४३।- रकमलाई बेदखल गर्ने प्रतिवेदन देखाई गैर कानूनी त्रुतिपूर्ण व्याख्या सहित गलत दफा लगाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५(२) लाई निर्थक निस्कृय बनाईदै अनदेखा गरी सो दफा प्रयोग नगरी राज्यलाई उल्लेखित अंकको राजश्व (क्षतिपूर्ती) मा हानी नोक्सानी गरेको स्थिती रहेको। यस प्रकारको घटनाक्रम रहेको प्रस्तुत मुद्धामा प्रतिवादीहरु विच राजश्व चुहावटमा सहमती (Meeting of mind) भई त्रुतिपूर्ण कार्य (error of law) गर्दै राजस्व/ क्षतिपूर्ती छल्ने कार्य भै वदनियत (malafide in tension) साथ उल्लेखित राजश्व क्षतिपूर्ती भराउनेबाट उन्मुक्ती दिलाउने कार्य भएकोमा पनि प्रतिवादीहरु गैर कानूनी कार्यमा मिलोमतो (collusion) गरेको ती नै कार्यहरुलाई समेत प्रमाणद्वारा पुष्टि नभएको भनी प्रस्तुत मुद्धाको फैसलाको प्रकरण १५३ मा उल्लेख हुनु र बुझाई देखिनु प्रचलित कानून र अंगिकार गरेका सिध्दान्त समेतको बिरुद्ध भएको अबस्था छ। यस कारण प्रचलित कानून सम्वत फैसला नभएको उक्त बिशेष अदालतको फैसला वदर भागी छ।<br>(ख) शाब्दिक व्याख्याको नियमले विधायिकाको मनसायको आधिकारिक प्रमाण भनेकै उसले व्यक्त गरेका शब्दहरु हुन्। तसर्थ विधायीकाले के भनेको हो कुन सन्दर्भमा प्रयोग भएका शब्द हुन् भन्ने पत्ता लगाउन विधायीकाका प्रयुक्त शब्दहरु नै हेर्नु पर्दछ भन्ने कुरामा जोड दिएको। ऐनको प्रावधान सु-स्पष्ट भएमा त्यसलाई लागु गर्नु पर्छ। भाषा स्पष्ट भए सरल र स्वभाविक अर्थ जे निस्किन्छ सोही अर्थ गर्नुपर्छ। ऐनमा शब्दको अर्थ दिईएको भएमा सोहि अर्थमा व्याख्या गर्नुपर्छ नभए कानून व्याख्या सम्बन्धी ऐनको व्याख्या आकर्षित हुन्छ। सो पनि नभए शब्दकोषको अर्थ दिनुपर्दछ। तथापी बृहत रूपबाट हेर्दा,राज्यले सजाय तोकीएको परिप्रक्षमा फौजदारी मुद्धामा र कर कानून वा राजस्व उठाउने कानूनको व्याख्या गर्दा कठोर व्याख्या गर्नुपर्छ। विधायीकी कानूनद्वारा स्पष्ट शब्दले के-कुन अवस्था भन्न खोजेको हो सोलाई बग्याएर अरु अर्थ गर्न मिल्ने हुँदैन। राजश्व/ आम्दानी गर्ने हेतुले नोक्सानी/ हानी पुर्याएको स्थितीमा चुनढुंगाको खनिज उद्योगहरुलाई क्षतिपूर्ती मुनासिव भराउनु पर्नेछ भन्ने सु-स्पष्ट शब्दले खुलेर अर्थ्याई खानी तथा खनिज पदार्थ ऐन,२०४२ को दफा २५(२) ले व्यवस्थित गरेको सन्दर्भमा पनि यस मुद्धामा फैसलाको पूर्ण पाठको प्रकरण नं. १३१ मा अनेक अर्थ र अवस्था देखाई strict construction of status |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विभागले सामान्य जरिवाना मात्र लिई क्षतिपूर्ति (राजस्व) चुहावट गरेको देखिन आएकोले उक्त समितिमा काम गर्ने राष्ट्रसेवक कर्मचारीहरु चन्द्र कुमार पोखरेल, सि.डि.मे.ई. प्रशान्त वोहरा, सि.डि.जि. धर्मराज खड्का, लेखा अधिकृत श्रीभद्र गौतम, रिसर्च अधिकृत बसन्त अधिकारी, जियोलोजिष्ट डा. सौनक भण्डारीसमेत जना ६ ले गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको।<br>४) भूगर्भ विभाग समक्ष गरेको कबुलियत, सम्झौता, लाइसेन्स, परमिट, प्रतिज्ञापत्रको शर्तपालना नगरी खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ ले तोकेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लङ्घन हुने गरी अनवीकरणीय किसिमको खनिज भण्डारको क्षति पुऱ्याउने कार्य गरेको देखिएकोले सिद्धार्थ मिनरल्स प्रा.लि., मारुती सिमेन्टस लिमिटेड, अन्नपूर्ण क्वेरिज प्रा.लि., सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि., सर्वोत्तम सिमेन्ट प्रा.लि., युनाइटेड सिमेन्ट प्रा.लि., उदयपुर मिनरल्स टेक प्रा.लि., कन्चन क्वेरिज प्रा.लि. र डोलोमाइट चुनढङ्गा उद्योग प्रा.लि.समेत ९ वटा कम्पनीहरुले खानी तथा भूगर्भ विभागका उच्च पदस्थ कर्मचारीहरुको मिलेमत्तो र संलग्नतामा खानी तथा भूगर्भ विभागलाई बुझाउनुपर्ने राजस्व (क्षतिपूर्ति) नबुझाई सामान्य जरिवाना मात्र बुझाई राजस्व चुहावट गरी उल्लिखित ९ वटा कम्पनीहरुसमेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको भ्रष्टाचारको कसूर गरेको। | मिलेमतो गरी बदनियतपूर्बक गैरकानूनी लाभ लिनुदिनु गरी धटि राजस्व उठाएको बादिदाबी समेत नरहेको अबस्थामा राजस्व चुहावट तर्फ प्रचलित कानून बमोजिम हुन सक्ने नै हुँदा खानी उद्योग तथा उद्योगीहरूलाई राजस्व चुहावट गर्न मद्दत गरेको भनी ऐ ऐनको दफा ७ को देहाय (क) र (ख) बमोजिमको आरोपदाबी पुग्न नसकी प्रतिबादीहरुले आरोपित कसुरबाट सफाई पाउने।<br>- प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी वदनियतपूर्वक गैरकानूनी लाभ लिनुदिनु गरी घटी राजस्व उठाएको वादी दावी समेत नरहेको अवस्थामा राजस्व तर्फ प्रचलित कानूनबमोजिम हुन सक्ने नै हुँदा खानी उद्योग तथा उद्योगीहरुलाई राजस्व महावट गर्न मद्दत गरेको भनी ऐ. ऐनको दफा ७ को देहाय (क) र (ख) वमोजिमको आरोपदावी पुग्न नसकी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने।<br>- उत्खनन् कार्यबाट खनिज पदार्थको भण्डारमा क्षती पुग्छ भन्ने विधायिकी मनसाय कदापी हुन सक्दैन । खनिज पदार्थ ऐन, २०४२ र नियमावली २०५६ ले उत्खनन् कार्य व्यवस्थित गर्ने मनसायसम्म राखेको पाइन्छ ।उत्खनन् कार्य आफैमा खनिज पदार्थको भण्डारमा क्षती होइन। स्वीकृत माइनिङ स्किमभन्दा अधिक उत्खनन कार्यबाट खनिज पदार्थको भण्डारमा क्षति पुगेको हो भन्ने दावी पुष्टि गर्ने दायित्व वादीले पुरा गर्नु पर्दछ। यसका लागि वादीले विश्वसनीय र वस्तुनिष्ठ प्रमाण पेश गर्नु पर्दछ।<br>- प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको वादी दावी पुग्न नसकी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने। | को नियम अनुसार अधिक उत्पादनलाई कसुर मान्न सकिने कानूनी आधार देखिन आएन भन्ने तर्क आफैमा विरोधाभाषपूर्ण छ, सो कानूनको व्याख्या मिलेको पाईदैन। यदि क्षतिपूर्ती मार्फत राजश्व (आय) गर्न नखोजेको भए त्यो प्रावधान त्यस दण्ड सजायको शिर्षकमा राख्को उपादेयता नै रहन्न। अर्थात क्षतिपूर्ती अनिवार्य भराउने विभायीकी मनसाय देखिएको।<br>नोक्सानी, क्षतिपूर्ती आदि शब्दको अन्तिम व्याख्या ऐ ऐनको दफा २५(७) बमोजिम साधिकार निकायको अदालतबाट हुनुपर्ने भनेतापनि सोही बिशेष अदालतले सोहि मुद्धामा उक्त अदालतबाट आरोपित कसुर लगाउनु न्यायोचित हुन सक्दैन भनी फैसलाको प्रकरण १३२ को तर्क युक्तीसंगत हुन सक्दैन। तसर्थ ऐ दफा २५(७) वमोजिम चुनढुंगाको अधिक उत्पादनको खनिज पदार्थको भण्डारणमा क्षती पुग्ने हो होइन भन्ने व्याख्या गर्ने अधिकार प्रयोग गरी सो मा अदालतबाट व्याख्या गर्ने र अन्तिम व्याख्या गर्ने क्षेत्राधिकार सर्वोच्च अदालतलाई रहेको देखिन्छ भनी फैसलाको प्रकरण १२७ मा भनेता पनि सोहि विवादित मुद्धामा विशेष अदालतले पुनश्च अभियोग मागदावी नपुग्ने ठहर्याई भएको फैसला दुविधाजनक र नमिलेको समेत देखिएको। किनकी क्षेत्राधिकार विहिन मुद्धामा तथ्यमा पसी फैसला हुन सक्ने स्थिति रहँदैन ।यस कारण उक्त मिति २०७३/१२/३ नदेखिएकोले बदर गरी पाउँ भन्ने मागदाबी रहेको।<br>(ग) प्रस्तुत मुद्धामा बिभिन्न स्थानको चुनढुंगा खानीमा अधिक उत्खनन् गरिएको चुनढुङ्गाको खानीमा परेको क्षती, नोक्सानीलाई उचित क्षतिपूर्ती भराउनु पर्ने कानूनी दायीत्व (Strict Liability) बाट उन्मुक्ति दिने हेतुको पहिलो गठीत समितीको वावजुद दोस्रो समिती गठन गरी सोहि समितीले गलत व्याख्या, गैरकानूनी ढंगले जानीजानी आकर्षित नहुने खानी तथा खनिज ऐन, २०४२ को दफा २५(४) प्रयोग गराई ऐ ऐन दफा २५(२) को व्यवस्थालाई वेवस्ता गरी सिमेन्ट उद्योगलाई मनग्य लाभ पुर्याउने अभिष्ट सहित दोस्रो समितीको सिफारिस ,कानून अधिकृतले समेत राय दिएर सोहि गैर ढंगबाट राय दिएर विभागका महानिर्देशकबाट ऐ ऐनको दफा २५(४) प्रयोग गराई कार्यान्वयन गर्ने गराउने क्रिया एक आपसको मिलोमतोबाट भएको प्रमाणित भै रहेको अवस्था। सोही मुद्धामा आरोपित कसुरमा प्रतिबादिहरुले कसुरमा ईन्कारी रही अनुसन्धानमा तथा अदालतमा वयान गरेको र मिति २०७७/३/२४ मा पेश भएको दोस्रो प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय भई प्रतिवादी मध्येका सिमेन्ट उद्योगहरुले जरिवाना पनि बुझाई सकेको भनी चुनढुङ्गाको अधिक उत्खननको क्षतीले प्रतिकुल असर पुगेको प्रमाण बादिपक्षले पेश नभएको भन्ने कारण समेत देखाई राज्यको हुने आयको अरबौ राजश्व रकम गुम गर्ने गरी भएको भ्रष्टाचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | - न्यायिक स्वच्छता समेतका आधारमा नियमबमोजिम लाग्ने राजस्व तिरीसकेका यी प्रतिवादीहरुले राष्ट्रसेवक कर्मचारीहरुसँग मिली नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी गरी राजस्व चुहावट गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) बमोजिमको वादी दावी पुग्न नसकी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने। | जन्य कार्यको मुद्दामा सम्मानीत विशेष अदालतको मिति २०७९/१२/०३ को फैसलामा उपरोक्त गैरकानूनी कार्यहरुलाई अनदेखा भई सो बाट क्षतिपूर्ती शब्दको गलत व्याख्या समेत भई अत्यन्त हल्का र असंगत तर्फ (illogical argument) राखी अदालतले के कुन सन्दर्भमा खानी तथा खनिज पदार्थ ऐन, २०४२ विधायीकिले वनाई लागू गरेको हो भन्ने नखुली उपयुक्त शाव्दिक कानूनी व्याख्या पनि नगरी वादी दावी नपुग्ने सहित प्रतिवादीहरुले आरोपीत कसुरबाट सफाई पाउने ठहर्याोई गरेको विशेष अदालतको मिति २०७९/१२/३ को फैसला मिलेको देखिएन । तसर्थ उक्त फैसला बदर गरी अभियोग दावी बमोजिम प्रतिवादीहरुलाई सजाय गरी पाउन मागदाबी रहेको। |